


३७ नगरपालिकाको मूल्याङ्कन। **एउटा** नगरपालिकाले मात्र आफ्नो नीतिमा यौनकर्मी उल्लेख गरेको छ।

स्थानीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा यौनकर्मी

कोशी र बागमती प्रदेशका ३७ स्थानीय तहको संस्थागत मूल्याङ्कन तथा ज्ञान, धारणा र व्यवहार (KAP) सर्वेक्षणका निष्कर्ष

FAITH आस्था
21 YEARS OF ADVOCACY, EMPOWERMENT, AND CHANGE

AMPLIFY CHANGE

स्थानीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा यौनकर्मी

नीतिगत प्रतिवेदन

प्रकाशक

आस्था (FAITH)

ललितपुर

सर्वाधिकार

दोस्रो संस्करण : अक्टोबर २०२६

प्रकाशित संख्या : २५०

सम्पादन : आस्था (FAITH)

यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै माध्यमद्वारा पुनरुत्पादन, फोटोकपी वा प्रसारण गर्न परेमा फेथलाई अनिवार्य क्रेडिट दिनु पर्नेछ ।

विशेष आभार

आस्था (FAITH) को तर्फबाट, यस प्रतिवेदनलाई सफल बनाउन सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सर्वप्रथम, बागमती र कोशी प्रदेशका ३७ नगरपालिकाका पदाधिकारीहरू (जनप्रतिनिधि तथा कर्मचारी) लाई कार्यशालामा सक्रिय सहभागिता जनाउनु भएकोमा र आफ्नो बहुमूल्य समय दिई प्रश्नावलीको उत्तर दिनुभएकोमा हृदयदेखि धन्यवाद दिन चाहन्छु । यहाँहरूको साथ र सहयोगबिना यो प्रतिवेदन सम्भव हुने थिएन । कार्यशाला आयोजनामा समन्वय र सहजीकरण गरिदिनुहुने सम्पूर्णप्रति पनि विशेष आभार व्यक्त गर्दछु । साथै, आफ्ना अनुभव र सुझावमार्फत यस कार्यलाई दिशा दिनुहुने यौनकर्मी समुदाय र उहाँहरूका संस्थाहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यहाँहरूका अमूल्य अनुभव र सुझावहरूले यस प्रतिवेदनलाई थप सार्थक बनाउन महत्त्वपूर्ण योगदान पुर्‌याएका छन् ।

अन्तमा, यस कार्यमा सहयोग गर्नु भएकोमा एम्प्लिफाइचेन्ज (Amplify Change) लाई धेरै धेरै धन्यवाद ।

रिना लामा
कार्यकारी निर्देशक

विषयसूची

प्रतिवेदनमा प्रयुक्त शब्दावली ३

सारांश ४

अध्ययनबारे ७

भाग १: संस्थागत मूल्याङ्कन ८

१.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति ८

१.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिले समेटेका समूह १०

१.३ लैङ्गिक हिंसासम्बन्धी नीति, कार्यविधि र संरक्षणका उपाय ११

१.४ लैङ्गिक हिंसासम्बन्धी सेवा र यौनकर्मीको पहुँच ११

१.५ तथ्याङ्क, तालिम र चुनौती १२

१.६ आ.व. २०८३/८४ का कार्यक्रम र बजेट १३

१.७ कदम चाल्ने इच्छा र आवश्यक सहयोग १३

भाग २: स्थानीय तहका पदाधिकारीको KAP सर्वेक्षण १५

२.१ लैङ्गिक हिंसाबारे बुझाई १६

२.२ यौनकर्मीले भोग्ने हिंसाको जोखिम १६

२.३ यौनकर्मी र उनीहरूविरुद्धको हिंसाप्रतिको धारणा १७

२.४ अनुभव र व्यवहार १८

२.५ सहकार्य गर्ने इच्छा र देखिएका अवरोध १८

२.६ पदाधिकारीका आफ्नै सुझाव १९

सिफारिस २०

विधि सम्बन्धी टिप्पणी र सीमा २२

अनुसूची क: जिल्ला र भूमिका अनुसार KAP उत्तरदाता २२

अनुसूची ख: धारणासम्बन्धी भनाईमा प्राप्त उत्तर २३

शब्दावली

प्रतिवेदनमा प्रयुक्त शब्दावली

१ यस प्रतिवेदनमा यौन पेशामा आबद्ध महिलाहरूलाई “यौनकर्मी” भनी सम्बोधन गरिएको छ। केही समूह तथा व्यक्तिहरू आफूलाई “यौनश्रमिक” भनी चिनाउन रुचाउनुहुन्छ। शब्द फरक भए तापनि दुवैले एउटै समुदायलाई जनाउँछन्। यस प्रतिवेदनमा एकरूपताका लागि “यौनकर्मी” शब्द प्रयोग गरिएको छ। यसको उद्देश्य कुनै पनि शब्द रोज्ने व्यक्ति वा समूहको पहिचानप्रति अनादर गर्नु होइन।

२ यस प्रतिवेदनमा “पदाधिकारी” भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी दुवैलाई बुझ्नुपर्छ।

३ एकरूपताका लागि यस प्रतिवेदनमा महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका सबैलाई “नगरपालिका” भनी सम्बोधन गरिएको छ।

सङ्क्षिप्त रूप

CEDAW	महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि
आ.व.	आर्थिक वर्ष
GESI	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
KAP	ज्ञान, धारणा र व्यवहार
LGBTIQ+	लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेन्डर, इन्टरसेक्स, क्वियर तथा अन्य यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक
OCMC	एकद्वार सङ्कट व्यवस्थापन केन्द्र
SDGs	दिगो विकास लक्ष्य
UPR	विश्वव्यापी आवधिक समीक्षा

सारांश

सन् २०२६ मा आस्थाले बागमती र कोशी प्रदेशका ६ जिल्लाका ३७ नगरपालिकाका पदाधिकारीसँग कार्यशाला सञ्चालन गरेको थियो। कार्यशालाको उद्देश्य महिलाविरुद्धको हिंसा सम्बोधन गर्ने स्थानीय नीति तथा कार्यक्रममा महिला यौनकर्मीलाई कसरी समावेश गर्न सकिन्छ भनी छलफल गर्नु थियो।

यस प्रतिवेदनले ती नगरपालिकाबाट प्राप्त दुई किसिमका प्रमाण प्रस्तुत गर्छ: प्रत्येक नगरपालिकामा के–कस्ता व्यवस्था छन् भन्ने संस्थागत मूल्याङ्कन, र १३१ निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीमाझ गरिएको गोप्य ज्ञान, धारणा र व्यवहार (KAP) सर्वेक्षण। यो प्रतिवेदन स्थानीय तह, सङ्घीय तथा प्रादेशिक मन्त्रालय र विकास साझेदारका लागि नीतिगत संवाद र कार्यको सुरुवाती आधारका रूपमा तयार गरिएको हो।

९५.४%
पदाधिकारीले यौन पेशामा रहेका महिला हिंसाको उच्च जोखिममा रहेको बताए

३७ मध्ये १
नगरपालिकाले मात्र नीतिमा यौनकर्मीको नाम उल्लेख गरेको

९७.७%
पदाधिकारीले यौनकर्मीले भेदभावबिना सेवा पाउनुपर्ने बताए

०
नगरपालिकासँग यौनकर्मी पहिचान गर्न सकिने तथ्याङ्क

स्थानीय तहले हामीलाई के भने

१ **स्थानीय पदाधिकारी स्वयंका अनुसार यौनकर्मी हिंसाको सबैभन्दा उच्च जोखिममा छन्**

९५.४% पदाधिकारीले यौन पेशामा रहेका महिला हिंसाको उच्च जोखिममा रहेको बताए। कुन महिला सबैभन्दा बढी जोखिममा छन् भनी सोध्दा, उनीहरूले सबैभन्दा धेरै यौनकर्मी (९०.१%) लाई उल्लेख गरे; त्यसपछि घरेलु कामदार (८४.७%) र दैनिक ज्यालादारी कामदार (५२.७%)।

२ **तैपनि स्थानीय नीतिबाट सबैभन्दा बढी छुटेको समूह यौनकर्मी नै हुन्**

३७ मध्ये २१ नगरपालिकासँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति छ, तर त्यस मध्ये यौनकर्मीको नाम उल्लेख गर्ने एउटा मात्र नगरपालिका महालक्ष्मी रहेको छ। यौनकर्मी पहिचान गर्न सकिने तथ्याङ्क भने कुनै पनि नगरपालिकासँग छैन।

३ **पदाधिकारीहरू संरक्षण र समावेशीकरणको पक्षमा छन्**

९७.७% ले यौनकर्मीले भेदभावबिना नगरपालिकाका सेवा पाउनुपर्ने, ९६.९% ले उनीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममा विशेष रूपमा समावेश गर्नुपर्ने र ९०.९% ले यौनकर्मीविरुद्धको हिंसा अन्य कुनै पनि महिलाविरुद्धको हिंसा जत्तिकै गम्भीर अपराध भएको बताए। ९१.६% ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममार्फत यस्तो हिंसा सम्बोधन गर्नु गैरकानुनी नभएको बताए। यौन पेशालाई अनैतिक ठान्ने पदाधिकारीमाझ पनि यस्तो समर्थन ९३% भन्दा माथि छ।

४ **सेवाहरु कागजमा छन्, तर अझै यौनकर्मीसम्म पुगेका छैनन्**

लगभग सबै नगरपालिकाले न्यायिक समितिमार्फत लैङ्गिक हिंसाका उजुरी सुन्छन् र अधिकांशसँग लैङ्गिक हिंसा निवारण कोष छ, तर सेवा प्रवाहमा हुने भेदभावविरुद्ध लिखित संरक्षणको व्यवस्था ६ वटासँग मात्र छ। यौनकर्मीसँग सम्बन्धित घटना आफ्नो कार्यालयसम्म आएको जानकारी ११.५% पदाधिकारीलाई मात्र छ, २९.०% ले यौनकर्मीको उजुरी अन्य उजुरीसरह दर्ता नलिने बताए, र यस वर्षका लक्षित कार्यक्रममा यौनकर्मीलाई समेट्ने नगरपालिका एउटा मात्र छ।

५ नगरपालिकाहरु कदम चाल्न तयार छन् र सहयोग माग गरिरहेका छन्

२४ नगरपालिका आफ्नो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममार्फत यौनकर्मीविरुद्धको हिंसा सम्बोधन गर्न इच्छुक छन्, र बाँकी १३ ले पहिले थप छलफल चाहेका छन्। कुनै पनि नगरपालिकाले अस्वीकार गरेनन्। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति नभएका सबै १५ र लैङ्गिक हिंसासम्बन्धी कार्यविधि नभएका सबै १७ नगरपालिका यस्तो नीति वा कार्यविधि बनाउन चाहन्छन्। ८८.५% पदाधिकारी यौनकर्मीका संस्थासँग काम गर्न इच्छुक छन्।

स्थानीय तहमा के गर्नुपर्छ र त्यसका लागि आवश्यक सहयोग

प्राप्त तथ्यका आधारमा स्थानीय तहले चाल्न सक्ने ६ वटा व्यावहारिक कदम देखिन्छन्। प्रत्येक कदम नगरपालिकाको विद्यमान अधिकार र बजेटभित्रै चाल्न सकिन्छ। तीमध्ये अधिकांश कदम नगरपालिकाहरूले आफैँ मागेको सहयोगसँग मेल खान्छन्।

स्थानीय तहले गर्नुपर्ने कार्य	किन आवश्यक छ	मागिएको वा आवश्यक सहयोग
१ नयाँ नीति बनाउँदा वा विद्यमान नीति परिमार्जन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा यौनकर्मीको नाम उल्लेख गर्ने	३७ मध्ये १ नगरपालिकाले मात्र नाम उल्लेख गरेको छ; थप १६ इच्छुक छन्; १५ सँग अझै नीति छैन	नमुना नीतिगत प्रावधान र प्राविधिक सहयोग (३४ ले मागेका)
२ यौनकर्मीका हरेक उजुरी अन्य उजुरीसरह दर्ता गरी कारबाही अघि बढाउनुपर्ने र लैङ्गिक हिंसा कार्यविधि अपनाउने	२८% पदाधिकारीले यस्तो उजुरी दर्ता नलिने; १७ नगरपालिकासँग लैङ्गिक हिंसा कार्यविधि छैन	नमुना कार्यविधि; न्यायिक समितिका लागि अभिमुखीकरण
३ सेवालाई व्यवहारमै पहुँचयोग्य बनाउने: भेदभावविरुद्ध लिखित संरक्षण, र लैङ्गिक हिंसा निवारण कोष, सुरक्षित आवास गृह, परामर्श तथा OCMC प्रेषणमा यौनकर्मीलाई स्पष्ट रूपमा समावेश	६ वटा नगरपालिकासँग मात्र संरक्षणको व्यवस्था छ; नगरपालिका कार्यालयसम्म पुग्ने घटना थोरै छन्	निर्देशिकाको नमुना; सेवा प्रदायकका लागि तालिम
४ लैङ्गिक हिंसाका घटना अभिलेखमा यौनकर्मीलाई गोप्य रूपमा गणना गर्ने	यौनकर्मी पहिचान गर्न सकिने तथ्याङ्क कुनै पनि नगरपालिकासँग छैन	गोप्य तथ्याङ्क प्रणालीका लागि सहयोग
५ वार्षिक योजना र बजेटमा यौनकर्मी केन्द्रित कार्यक्रम समावेश गर्ने	३७ मध्ये १ नगरपालिकाले मात्र यस वर्षका कार्यक्रममा यौनकर्मीलाई लक्षित गरेको छ	बजेट तथा योजना निर्देशन (३५ ले मागेका)
६ पदाधिकारीलाई तालिम दिने र पहुँच विस्तार, प्रेषण तथा नीति निर्माणमा यौनकर्मीका संस्थासँग काम गर्ने	२२ नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिमले एचआईभीसँग जीवनयापन गरिरहेका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई समेटे पनि कुनै पनि तालिमले यौनकर्मीलाई समेटेन; ८८.५% पदाधिकारी सहकार्य गर्न इच्छुक छन्।	क्षमता अभिवृद्धि तालिम (३६ ले मागेका); यौनकर्मीका संस्थासँग समन्वयका लागि सहयोग (३० ले मागेका)

मुख्य सन्देश

स्थानीय पदाधिकारीहरू यौनकर्मीहरू हिंसाको उच्च जोखिममा रहेको कुरा स्वीकार्छन् र उनीहरूको संरक्षण चाहन्छन्। स्थानीय तहमा नीति, कार्यविधि, तथ्याङ्क र बजेटको अभाव छ। मन्त्रालय तथा विकास साझेदारहरूबाट नमुना नीतिगत प्रावधान, मार्गदर्शन, तालिम र यौनकर्मीका संस्थाहरूसँगको समन्वयजस्ता थोरै सहयोग पाएमा नगरपालिकाहरू यो खाडल पुर्न तयार छन्। विस्तृत सिफारिसहरू यस प्रतिवेदनको अन्त्यमा दिइएका छन्।

> “प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्ने र भेदभावबिना न्यायमा पहुँच पाउने अधिकार छ। यस्ता कार्यशालाले हाम्रो ध्यान सामान्यतया नजाने विषयहरू देख्न मद्दत गर्छन्। महिलाविरुद्धको हिंसा अन्त्य गर्न हामी सबै, स्थानीय सरकार, नागरिक समाज र समुदाय, मिलेर काम गर्नुपर्छ।
>
> **रेगिना भट्टराई प्रसाई,** उपप्रमुख, दमक नगरपालिका

पृष्ठभूमि

अध्ययनबारे

३७	६	२	१३१
नगरपालिका	जिल्ला	प्रदेश	सर्वेक्षणमा सहभागी पदाधिकारी

यी दुवै अध्ययन एउटै ३७ नगरपालिकामा गरिएका थिए: २ महानगरपालिका (विराटनगर र ललितपुर), २ उपमहानगरपालिका (धरान र इटहरी) र ३३ नगरपालिका। यी ३७ स्थानीय तहमध्ये कुनै पनि गाउँपालिका होइनन्; सबै महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका हुन्। यौन पेशा मुख्यतः सहरी क्षेत्रमा केन्द्रित भएकाले यी नगरपालिका छनोट गरिएका हुन्। सहरमा यो पेशा धेरैजसो डान्स बार, केबिन तथा दोहोरी रेस्टुरेन्ट र मसाज पार्लरजस्ता अनौपचारिक मनोरञ्जन क्षेत्रमा हुने गर्छ। छनोट गरिएका नगरपालिकामा यस्ता कार्यस्थल केन्द्रित छन् र कामका लागि बसाइँ सरेका धेरै महिला यहीँ बसोबास गर्छन्। यी नगरपालिकामा केन्द्रित हुँदा संवाद ती स्थानीय सरकारसँग हुन्छ, जसको काँधमा यौनकर्मीलाई हिंसाबाट जोगाउने सबैभन्दा प्रत्यक्ष जिम्मेवारी छ।

जिल्ला	प्रदेश	सहभागी नगरपालिका
काठमाडौं	बागमती	कागेश्वरी मनोहरा, कीर्तिपुर, गोकर्णेश्वर, चन्द्रागिरि, टोखा, तारकेश्वर, दक्षिणकाली, नागार्जुन, बूढानीलकण्ठ, शङ्खरापुर
ललितपुर	बागमती	गोदावरी, महालक्ष्मी, ललितपुर महानगरपालिका
भक्तपुर	बागमती	चाँगुनारायण, मध्यपुर थिमि, सूर्यविनायक
झापा	कोशी	अर्जुनधारा, कनकाई, गौरादह, दमक, बिर्तामोड, भद्रपुर, मेचीनगर, शिवसताक्षी
मोरङ	कोशी	उर्लाबारी, पथरी शनिश्चरे, बेलबारी, विराटनगर महानगरपालिका, लेटाङ, सुनवर्षी, सुन्दरहरैंचा
सुनसरी	कोशी	इटहरी उपमहानगरपालिका, इनरुवा, दुहवी, धरान उपमहानगरपालिका, बराहक्षेत्र, रामधुनी

संस्थागत मूल्याङ्कन

प्रत्येक नगरपालिकाबाट एक जना प्रतिनिधिले उत्तर दिएका थिए। अधिकांश (२३) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक हिंसासम्बन्धी कामको नेतृत्व गर्ने महिला, बालबालिका तथा सामाजिक विकास शाखाका अधिकृत थिए। सात जना कानुन, न्यायिक समिति वा उजुरी शाखाबाट र तीन जना अन्य शाखाबाट थिए। चार जना निर्वाचित जनप्रतिनिधि थिए: एक प्रमुख, दुई उपप्रमुख र एक कार्यपालिका सदस्य।

KAP सर्वेक्षण

१३१ जना पदाधिकारीले कार्यशालाका क्रममा गोप्य प्रश्नावली भरेका थिए। तीमध्ये ५२ (३९.७%) निर्वाचित जनप्रतिनिधि थिए: १ प्रमुख, १४ उपप्रमुख र ३७ कार्यपालिका सदस्य। ७९ (६०.३%) कर्मचारी थिए: २६ महिला तथा सामाजिक विकाससम्बन्धी भूमिकामा, १२ कानुन, न्यायिक समिति वा उजुरी व्यवस्थापनसम्बन्धी भूमिकामा र ४१ अन्य भूमिकामा। यसरी उत्तरदातामा नीति र बजेटबारे निर्णय गर्ने, न्यायिक समितिमार्फत उजुरी सुन्ने र सेवा प्रदान गर्ने सबै समावेश छन्। जिल्लागत विवरण अनुसूची 'क' मा दिइएको छ।

यस प्रतिवेदनमा समावेश उद्धरण कार्यशालाका छलफलबाट लिइएका हुन्। यस प्रतिवेदनमा KAP सर्वेक्षणका उत्तरदाताको नाम वा पहिचान खुलाइएको छैन।

भाग १

संस्थागत मूल्याङ्कन

३७ नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा प्रतिकार्यका लागि के–कस्ता नीति, कार्यविधि, सेवा, तथ्याङ्क र बजेट छन्।

३७ मध्ये १

नगरपालिकाले मात्र आफ्नो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा यौनकर्मीको नाम उल्लेख गरेको छ। थप १६ ले उल्लेख गर्न इच्छुक रहेको बताए।

१.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

आधाभन्दा केही बढी नगरपालिकासँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति छ। २१ (५६.८%) सँग नीति छ, १५ (४०.५%) सँग छैन, र एक उत्तरदातालाई थाहा नभएको बताए। बागमतीमा (१६ मध्ये ११) र कोशीमा (२१ मध्ये १०) भन्दा बढी नगरपालिकासँग नीति छ।

अधिकांश नीति नयाँ छन्: २१ मध्ये १८ वि.सं. २०७८ वा त्यसपछि जारी भएका हुन्। तैपनि नीति भएका २१ मध्ये ११ नगरपालिकाले आफ्नो नीति वर्तमान अवस्थाका लागि पर्याप्त नभएको बताए। नीति पर्याप्त ठान्नेहरूले मुख्य रूपमा यसको समानताको संवैधानिक हक तथा CEDAW र दिगो विकास लक्ष्यजस्ता (SDGs) अन्तर्राष्ट्रिय प्रतिबद्धतासँगको मेल खाने कुरा औँल्याए। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति नभएका सबै १५ नगरपालिकाले नीति बनाउन इच्छुक रहेको बताए। २१ नीतिमध्ये ११ सीमान्तकृत समुदाय वा तिनका संस्थासँग परामर्श गरेर तयार पारिएका थिए; ६ वटा परामर्शबिना बनाइएका थिए र ४ उत्तरदातालाई थाहा नभएको बताए।


> “पहिले यौनकर्मीबारे खुलेर कुरा गर्ने चलन थिएन, र सुरुमा उनीहरूलाई स्थानीय नीतिमा समावेश गर्ने कुरा त्यति स्वीकार्य थिएन। अहिले मानिसहरू उनीहरूबारे कुरा गर्न थालेका छन्। यस कार्यशालाबाट मलाई पनि महसुस भयो, यौन पेशामा लागेका महिला र एचआईभीसँग जीवनयापन गरिरहेका व्यक्तिहरू हाम्रा नीतिमा छुटेका रहेछन्। उनीहरूलाई पनि राख्नुपर्ने रहेछ।
>
> **कृष्णकुमारी निरौला,** उपप्रमुख, लेटाङ नगरपालिका

यसको अर्थ

धेरै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति या त अझै बन्न बाँकी छन् या पुनरावलोकन गर्नुपर्ने अवस्थामा छन्। नयाँ नीतिमा यौनकर्मीलाई स्पष्ट रूपमा उल्लेख गर्न र विद्यमान नीतिमा उनीहरूलाई समावेश गर्न यो उपयुक्त समय हो।

१.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिले समेटेका समूह

चित्र १ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा नाम उल्लेख भएका वा नगरपालिकाले नाम उल्लेख गर्न इच्छुक रहेका समूह (३७ नगरपालिकाको %)



स्रोत: संस्थागत मूल्याङ्कन। एकभन्दा बढी उत्तर दिन सकिने।

अन्य सबै समूहको तुलनामा यौनकर्मी सबैभन्दा कम समेटिएका छन्। महालक्ष्मी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा मात्र यौनकर्मीको नाम उल्लेख छ। थप १६ नगरपालिकाले उनीहरूलाई समावेश गर्न इच्छुक रहेको बताए: ५ वटामा नीति छ तर अझै यौनकर्मीको नाम उल्लेख छैन, १० वटामा अझै नीति छैन, र एउटा नगरपालिकाले आफूसँग नीति छ वा छैन भन्नेमा निश्चित नभएको बताए। लाञ्छना भोग्ने अन्य समूह भने धेरै बढी नगरपालिकाका नीतिमा समेटिएका छन्: लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक ३२ नगरपालिकामा र एचआईभीसँग जीवनयापन गरिरहेका व्यक्ति २६ नगरपालिकामा।


> “हामीसँग धेरै सीमान्तकृत समूहसम्बन्धी नीति र तथ्याङ्क छन्, तर यस कार्यशालाले हाम्रा नीतिमा यौनकर्मी कतै पनि नभएको महसुस गरायो। यो बदलिनुपर्छ। उनीहरूलाई पनि सुरक्षा, सम्मान र सहयोग पाउने अधिकार छ।
>
> **रश्मि श्रेष्ठ,** वरिष्ठ महिला विकास अधिकृत, चन्द्रागिरि नगरपालिका

यसको अर्थ

नगरपालिकाका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिले लाञ्छना भोग्ने समूहसहित धेरै सीमान्तकृत समूहको नाम पहिले नै उल्लेख गरेका छन्। यौनकर्मीहरू भने स्पष्ट रूपमा छुटेका छन्। महालक्ष्मी नगरपालिकाले विद्यमान ढाँचाभित्रै यौनकर्मीलाई नीतिमा स्पष्ट रूपमा उल्लेख गर्न सकिन्छ भन्ने देखाएको छ, र अन्य १६ नगरपालिकाले यसलाई अनुशरण गर्न तयार छन्।

१.३ लैङ्गिक हिंसासम्बन्धी नीति, कार्यविधि र संरक्षणका उपाय

चित्र २ प्रत्येक नीति, कार्यविधि वा तथ्याङ्क प्रणाली भएका नगरपालिका (३७ मध्ये सङ्ख्या)



स्रोत: संस्थागत मूल्याङ्कन।


१९ नगरपालिका (५१.४%) सँग लैङ्गिक हिंसा व्यवस्थापन नीति वा कार्यविधि छ। यस्तो नीति नभएका सबै १७ ले बनाउन इच्छुक रहेको बताए। नगरपालिकाको कार्यस्थलमा हुने हिंसा र दुर्व्यवहार रोक्ने नीति ११ (२९.७%) सँग मात्र छ।

सेवा लिन आउनेहरूलाई, सीमान्तकृत समूहसमेत, सेवा लिँदाको समयमा हिंसा, लाञ्छना र भेदभावबाट जोगाउने नीति, कार्यविधि वा निर्देशिका ६ नगरपालिका (१६.२%) सँग मात्र छ। ३० (८१.१%) सँग यस्तो कुनै व्यवस्था छैन।

> **यसको अर्थ**
>
> लिखित संरक्षणको व्यवस्था नहुँदा हिंसाको उजुरी गर्न आउने यौनकर्मीले उचित व्यवहार पाउने वा नपाउने कुरा उनले भेट्ने व्यक्तिगत अधिकारीमा भर पर्छ। सेवा प्रवाहका लागि भेदभावविरुद्धको छोटो निर्देशिकाले सबै सीमान्तकृत समूहलाई संरक्षण दिन्छ, र यसलाई १७ नगरपालिकाले बनाउन तयार रहेको लैङ्गिक हिंसा कार्यविधिमै समावेश गर्न सकिन्छ।

१.४ लैङ्गिक हिंसासम्बन्धी सेवा र यौनकर्मीको पहुँच

चित्र ३ नगरपालिकामा उपलब्ध लैङ्गिक हिंसासम्बन्धी सेवा (३७ नगरपालिकाको %)



स्रोत: संस्थागत मूल्याङ्कन। एकभन्दा बढी उत्तर दिन सकिने।

हरेक नगरपालिकाले कम्तीमा एउटा लैङ्गिक हिंसासम्बन्धी सेवा दिन्छ, र लगभग सबैले न्यायिक समितिमार्फत उजुरी सुन्छन्। पीडितको सुरक्षा गर्ने सेवाहरु भने कम छन्: OCMC प्रेषण २० नगरपालिकामा र सुरक्षित आवास गृह १६ मा मात्र उपलब्ध छ। पाँचवटै सेवाहरु १३ नगरपालिकाले मात्र दिन्छन्।

३१ उत्तरदाता (८३.८%) ले यौनकर्मी र अन्य सीमान्तकृत पीडितले यी सेवा भेदभावबिना प्रयोग गर्न सक्ने बताए; तीन जनाले सक्दैनन् भने, र तीन जनालाई थाहा नभएको बताए।


यसको अर्थ

अधिकांश नगरपालिकाले आफ्ना सेवा यौनकर्मीका लागि पनि खुला रहेको ठान्छन्, तर यसका लागि अझै लिखित व्यवस्था, संरक्षण वा अभिलेख छैन। लैङ्गिक हिंसा निवारण कोष, सुरक्षित आवास गृह, परामर्श र प्रेषणसम्बन्धी निर्देशिकामा यौनकर्मीले पनि यी सेवा पाउँछन् भनी स्पष्ट लेखेमा, सिद्धान्तमा भनिएको कुरा व्यवहारमै लागू हुनेछ।

१.५ तथ्याङ्क, तालिम र चुनौती

३७ मध्ये कुनै पनि नगरपालिकासँग यौनकर्मीजस्ता सीमान्तकृत समूह पहिचान गर्न सकिने खण्डीकृत तथ्याङ्क छैन। तथ्याङ्कको अभाव नै नगरपालिकाले सबैभन्दा धेरै औँल्याएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको चुनौती पनि हो।

चित्र ४ नगरपालिकामा विद्यमान लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको चुनौती (३७ नगरपालिकाको %)



स्रोत: संस्थागत मूल्याङ्कन। एकभन्दा बढी उत्तर दिन सकिने।

उत्तरदाताले यौन पेशालाई कानुनले सम्बोधन नगरेको र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट सुनिश्चित नभएको पनि उल्लेख गरे। लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यका लागि के आवश्यक छ भन्ने प्रश्नमा लगभग सबै नगरपालिकाले विद्यमान नीतिको कार्यान्वयन (३५), लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन (३५), सचेतना कार्यक्रम (३४) र नयाँ नीति तथा कार्यक्रम (३३) रोजे। दुई नगरपालिकाले निर्वाचित जनप्रतिनिधिका लागि व्यवहार परिवर्तनमा केन्द्रित अभिमुखीकरण र अझ सक्रिय न्यायिक समितिको सुझाव दिए।

२९ नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम पाएका छन्। २२ नगरपालिकामा यो तालिमले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र एचआईभीसँग जीवनयापन गरिरहेका व्यक्तिजस्ता अति सीमान्तकृत समूहलाई समेटेको थियो।

> “हामी बजेट छुट्याउँछौँ, तर कसलाई सहयोग चाहिन्छ भन्ने तथ्याङ्कबिना त्यसलाई लक्षित गर्न सक्दैनौँ। योजना प्रमाणमा आधारित होस् भनेर यौनकर्मी र उनीहरूका संस्था हामीसँग जोडिनुपर्छ।
>
> **अरुणकुमार मेहता,** सामाजिक विकास शाखा, बराहक्षेत्र नगरपालिका

यसको अर्थ

नगरपालिकाहरू समस्या स्वीकार्छन्: तथ्याङ्कको अभाव छ, नीति पूर्ण रूपमा कार्यान्वयन भएका छैनन् र सीमान्तकृत समूह छुटेका छन्। यी दुई कमीलाई सबैभन्दा प्रत्यक्ष रूपमा सम्बोधन गर्न दुई कदम चाल्न सकिन्छ: लैङ्गिक हिंसाका घटनाको अभिलेखमा यौनकर्मीका लागि गोप्य श्रेणी राख्ने, र विद्यमान लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिममा यौनकर्मीसम्बन्धी विषयवस्तु समावेश गर्ने।

१.६ आ.व. २०८३/८४ का कार्यक्रम र बजेट

यस आर्थिक वर्षका लागि योजना गरिएका लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममध्ये सबैभन्दा धेरै उल्लेख गरिएको कार्यक्रम सचेतना अभिवृद्धि रहेको छ। करिब १८ नगरपालिकाले यसको उल्लेख गरे, जुन प्रायः लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका क्रममा सञ्चालन गरिने छ। अन्य नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष, सीप तथा जीविकोपार्जन कार्यक्रम, महिला सशक्तीकरण, हिंसा प्रभावितलाई सहयोग र कानुनी सचेतना उल्लेख गरे। पाँच नगरपालिकाले आफ्ना कार्यक्रम अझै योजना चरणमा रहेको बताए। कुनै पनि नगरपालिकाले यौनकर्मीको उल्लेख गरेनन्।


लैङ्गिक हिंसा न्यूनीकरणका लागि छुट्याइएको बजेट, आ.व.२०८३/८४	महा/उप महा/नगरपालिका
रु. १० लाखभन्दा कम	८
रु. १० लाखदेखि रु. ५० लाखसम्म	१०
रु. ५० लाखभन्दा बढी	४
अझै स्वीकृत नभएको वा प्रक्रियामा	८
रकम उल्लेख नगरिएको	५

रकम उल्लेख गर्ने २३ नगरपालिकाको मध्यिका करिब रु. १५ लाख छ। २१ नगरपालिकाले आफ्नो कार्यक्रम वा बजेटको केही अंश विशेष सीमान्तकृत समुदायलाई लक्षित गरिएको बताए, जसमा प्रायः दलित समुदाय, आदिवासी जनजाति, मधेशी तथा मुस्लिम समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (LGBTIQ+) पर्छन्। एउटा मात्र नगरपालिकाले यौनकर्मीलाई समेटेको थियो।

> **यसको अर्थ**
> नगरपालिकाहरूले लैङ्गिक हिंसासम्बन्धी कामका लागि पहिले नै बजेट छुट्याउँछन् र निश्चित सीमान्तकृत समूहलाई लक्षित गर्छन्। त्यसैले, यौनकर्मीका संस्थासँग मिलेर गरिने पहुँच विस्तार (आउटरिच - समुदायमा पुगेर गरिने काम), हिंसाका घटनामा सहयोग र सचेतना सत्रजस्ता यौनकर्मीकेन्द्रित कार्यक्रमलाई विद्यमान बजेट शीर्षकभित्रै थप्न सकिन्छ। बजेटलाई अन्तिम रूप दिने क्रममा रहेका नगरपालिकामा पनि यो सम्भव छ।

१.७ कदम चाल्ने इच्छा र आवश्यक सहयोग

चित्र ५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममार्फत यौनकर्मीविरुद्धको हिंसा सम्बोधन गर्ने इच्छा (३७ नगरपालिका)



स्रोत: संस्थागत मूल्याङ्कन। प्रति नगरपालिका एक उत्तर।

कुनै पनि नगरपालिकाले कदम चाल्न अस्वीकार गरेनन्। ३७ मध्ये २४ (६४.९%) आफ्नो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममार्फत यौनकर्मीविरुद्धको हिंसा, लाञ्छना र भेदभाव सम्बोधन गर्न इच्छुक छन्, र बाँकी १३ ले पहिले थप जानकारी र छलफल माग गरेका छन्। नगरपालिकाले आफूलाई आवश्यक सहयोग यसरी उल्लेख गरे:

मागिएको सहयोग	नगरपालिका	अनुपात
क्षमता अभिवृद्धि तालिम	३६	९७.३%
बजेट तथा योजना निर्देशन	३५	९४.६%
प्राविधिक सहयोग र नमुना नीतिगत प्रावधान	३४	९१.९%
यौनकर्मी समुदाय र तिनका संस्थासँग समन्वय	३०	८१.१%

> “हाम्रो स्थानीय नीतिमा यौनकर्मीलाई सम्बोधन गरिएको छैन। आज यहाँ हाम्रा उपप्रमुख र सम्बन्धित शाखाका अधिकृतहरू हुनुहुन्छ, त्यसैले हामीले यो विषय राम्ररी बुझेका छौँ। नगरपालिका फर्केपछि हामी यसलाई छलफलका लागि अघि बढाउनेछौँ।
>
> **घनश्याम गिरी,** प्रमुख, चन्द्रागिरि नगरपालिका

भाग २

स्थानीय तहका पदाधिकारीको KAP सर्वेक्षण

१३१ निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीले यौनकर्मीविरुद्धको हिंसाबारे के जान्छन्, के सोच्छन् र के गर्छन्।

९५.४%

पदाधिकारीले यौन पेशामा रहेका महिला हिंसाको उच्च जोखिममा रहेको बताए।

२.१ लैङ्गिक हिंसाबारे बुझाई

चित्र ६ लैङ्गिक हिंसाका घटना व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने कुरा (१३१ उत्तरदाताको %)

९५.४%	९५.४%	९३.९%	९१.६%	८७.८%
गोपनीयता कायम राख्ने	लाञ्छना वा भेदभाव नगर्ने	सुन्ने र बुझ्ने प्रयास गर्ने	मानव अधिकारमा आधारित दृष्टिकोण	पीडित-केन्द्रित दृष्टिकोण


स्रोत: KAP सर्वेक्षण। एकभन्दा बढी उत्तर दिन सकिने।

लैङ्गिक हिंसाका घटनाको उचित व्यवस्थापनबारे जनप्रतिनिधि तथा अधिकारीहरूमा अधिकारमा आधारित साझा बुझाइ छ: प्रत्येक सिद्धान्त कम्तीमा ८७.८% उत्तरदाताले रोजे, र ८३.२% ले पाँचवटै रोजे। यो उनीहरूले आफैंले तोकेको मापदण्ड हो, र पीडित व्यक्ति यौनकर्मी भए पनि यो उत्तिकै लागू हुन्छ।

लैङ्गिक हिंसाको मुख्य कारण सोध्दा एक तिहाइ (३३.१%) ले आर्थिक, राजनीतिक र सामाजिक प्रणाली तथा कानुनी ढाँचासहितका संरचनागत कारण उल्लेख गरे, र १८.५% ले सामाजिक मूल्य र मान्यता उल्लेख गरे। करिब आधाले कारण नखुलाई “अन्य” रोजे।

२.२ यौनकर्मीले भोग्ने हिंसाको जोखिम

चित्र ७ हिंसाको उच्च जोखिममा रहेको ठानिएका महिला समूह (१३१ उत्तरदाताको %)




स्रोत: KAP सर्वेक्षण। एकभन्दा बढी उत्तर दिन सकिने।

हिंसाको जोखिममा रहेका समूहबारे सोध्दा सहभागीहरूले सबैभन्दा धेरै यौनकर्मीलाई उल्लेख गरे। प्रत्यक्ष रूपमा सोध्दा ९५.४% ले यौन पेशामा रहेका महिला हिंसाको उच्च जोखिममा रहेको, ३.८% ले मध्यम र ०.८% ले न्यून जोखिममा रहेको बताए।

> **यसको अर्थ**
> यौनकर्मी उच्च जोखिमयुक्त समूह हुन् भन्नेमा स्थानीय सरकारभित्र लगभग पूर्ण सहमति छ। त्यसैले, लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यमा यौनकर्मीलाई प्राथमिकतामा राख्नुपर्छ।

२.३ यौनकर्मी र उनीहरूविरुद्धको हिंसाप्रतिको धारणा

चित्र ८ धारणासम्बन्धी भनाइमा प्राप्त उत्तर (उत्तरदाताको %)



स्रोत: KAP सर्वेक्षण, १३१ उत्तरदाता। *एउटा भनाइमा १०७ उत्तरदाताले उत्तर दिए। पूर्ण विवरण अनुसूची 'ख' मा।

यौनकर्मीका अधिकारसम्बन्धी हरेक भनाईमा ९०% भन्दा बढी पदाधिकारीले संरक्षणमुखी उत्तर दिए। ९७.७% ले यौनकर्मीले भेदभावबिना नगरपालिकाका सेवा पाउनुपर्ने र ९६.९% ले उनीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममा विशेष रूपमा समावेश गर्नुपर्नेमा सहमति जनाए। ९१.६% ले यी कार्यक्रममार्फत यौनकर्मीविरुद्धको हिंसा सम्बोधन गर्नु गैरकानुनी नभएकोमा सहमति जनाए।

अधिकांश सहभागीहरू यौनकर्मीबारे रहेका नकारात्मक धारणासँग पनि सहमत छैनन्। ८३.२% ले हिंसा सम्बोधन गर्दा यौन पेशा प्रवर्द्धन हुन्छ भन्नेमा र ८२.४% ले यौनकर्मीले आफैँ हिंसा निम्त्याउँछन् भन्नेमा असहमति जनाए। नैतिकताबारे भने विचार बढी विभाजित छन्: एक तिहाइ (३४.४%) ले यौन पेशालाई अनैतिक ठान्छन्। तैपनि यही समूहभित्र पनि संरक्षणप्रतिको समर्थन निकै उच्च छ:

यौन पेशालाई अनैतिक ठान्ने ४५ उत्तरदातामध्ये	अनुपात
नगरपालिकाका सेवामा समान पहुँचको समर्थन	९५.६%
यौनकर्मीविरुद्धको हिंसा उत्तिकै गम्भीर अपराध हो भन्नेमा सहमति	९३.३%
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममा विशेष समावेशीकरणको समर्थन	९३.३%
यौनकर्मीका संस्थासँग काम गर्न इच्छुक	९३.३%

समग्रमा, ६३.४% उत्तरदाताले पाँचवटै मुख्य भनाइमा संरक्षणमुखी उत्तर दिए। यौनकर्मीले आफैँ हिंसा निम्त्याउँछन् भन्नेमा अधिकारीको तुलनामा निर्वाचित जनप्रतिनिधि (जनप्रतिनिधि २८.९%, अधिकारी १०.१%) र हिंसा सम्बोधन गर्दा यौन पेशा प्रवर्द्धन हुन्छ भन्नेमा (जनप्रतिनिधि २५.०%, अधिकारी ११.४%) बढी सहमत देखिए।

यसको अर्थ

यौनकर्मीलाई हिंसाबाट संरक्षण गर्नु यौन पेशाको नैतिकताबारे सहमति हुनुमा निर्भर गर्दैन। यौन पेशाप्रति नैतिक आपत्ति भएकाहरूसमेत यौनकर्मीविरुद्धको हिंसा अपराध हो, उनीहरूलाई समान सेवा पाउने अधिकार छ र उनीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा लैङ्गिक हिंसासम्बन्धी काममा समावेश गर्नु कानुनसम्मत हो भन्ने कुरा स्वीकार्छन्।

२.४ अनुभव र व्यवहार

१५ उत्तरदाताले (११.५%) मात्र आफ्नो कार्यालयले यौनकर्मीसँग सम्बन्धित लैङ्गिक हिंसाको घटना व्यवस्थापन गरेको बताए; ७१.०% ले गरेको छैन भने र १७.६% लाई थाहा नभएको बताए। घटनाको वर्णन गर्नेहरूले अन्य पीडितका लागि प्रयोग हुने दर्ता गरिएको उजुरी प्रक्रियाभन्दा गैरसरकारी संस्थामार्फत अनौपचारिक सहयोग, संस्थामा प्रेषण, आर्थिक सहयोग र उद्धार तथा पुनर्स्थापनाको उल्लेख गरे।

कुनै यौनकर्मीले नगरपालिका वा न्यायिक समितिमा हिंसाको उजुरी लिएर आएमा के गर्नुहुन्छ भन्ने प्रश्नमा:

उत्तर	निर्वाचित (५२)	महिला/ सामाजिक विकास कर्मचारी (२६)	कानुनी/ न्यायिक कर्मचारी (१२)	अन्य कर्मचारी (४१)	जम्मा (१३१)
अन्य उजुरीसरह दर्ता गरी कारबाही अघि बढाउने	६१.५%	९२.३%	७५.०%	६८.३%	**७१.०%**
बरु प्रहरी वा अदालत जान सुझाव दिने	२६.९%	७.७%	१६.७%	२६.८%	**२२.१%**
पहिले यौन पेशा छोड्न सुझाव दिने	९.६%	०.०%	८.३%	२.४%	**५.३%**
के गर्ने थाहा छैन	१.९%	०.०%	०.०%	२.४%	**१.५%**

यसको अर्थ

दश जनामध्ये सात जनाले यौनकर्मीको उजुरीलाई अरू उजुरीजस्तै लिने बताए। तर, लगभग सबैले सैद्धान्तिक रूपमा समान सेवाको समर्थन गरे पनि २९.०% ले उनलाई अन्यत्र पठाउने, पहिले यौन पेशा छोड्न सुझाव दिने वा के गर्ने थाहा नभएको बताए। गम्भीर अपराधका घटनामा प्रहरीमा प्रेषण गर्नु उपयुक्त हुन्छ, तर यो उजुरी दर्ता र सहयोगको विकल्प होइन, पूरक हुनुपर्छ। स्पष्ट लिखित कार्यविधिले सिद्धान्त र व्यवहारबीचको यो खाडल पुर्न सक्छ।

> यहाँ उपस्थित सबै आदरणीय नगरपालिका पदाधिकारीज्यूहरूलाई म एउटा प्रश्न सोध्न चाहन्छु। यौनकर्मी हाम्रो नीतिमा समावेश नभएकाले न्यायिक समितिमार्फत उनीहरूलाई सेवा दिनु हाम्रो कानुनी अधिकार क्षेत्र बाहिर पर्छ। यस्ता घटना हामीकहाँ आउँदा हामी उनीहरूलाई प्रहरी वा अदालतमा पठाउनबाहेक केही गर्न सक्दैनौँ। तपाईंहरू यसबारे के गर्दै हुनुहुन्छ?
>
> **कृष्णकुमारी निरौला,** उपप्रमुख, लेटाङ नगरपालिका

२.५ सहकार्य गर्ने इच्छा र देखिएका अवरोध

८८.५% पदाधिकारीहरू यौनकर्मी समुदाय र उनीहरूका संस्थासँग समन्वय वा सहकार्य गर्न इच्छुक छन्; ८.४% ले निश्चित नभएको र ३.१% ले इच्छुक नभएको बताए। ९०.४% निर्वाचित जनप्रतिनिधि र ८७.३% कर्मचारी दुवैमा सहकार्य गर्ने इच्छा उच्च छ।

चित्र ९ यौनकर्मीविरुद्धको हिंसा सम्बोधन गर्न देखिएका अवरोध (१३१ उत्तरदाताको %)



स्रोत: KAP सर्वेक्षण। एकभन्दा बढी उत्तर दिन सकिने।

चार जनामध्ये तीन जना उत्तरदाताले (७६.३%) पाँचवटै अवरोध उल्लेख गरे। अन्य उत्तरदाताले यौनकर्मी खुलेर अगाडि नआउने र सामाजिक, धार्मिक तथा सांस्कृतिक मान्यताले यौन पेशालाई लाञ्छित गर्ने कुरा पनि थप उल्लेख गरे।

> कानुनले यौन पेशालाई न वैधानिकता दिएको छ न अपराध घोषित गरेको छ, त्यसैले स्थानीय सरकारका रूपमा हामीलाई कसरी प्रतिक्रिया दिने थाहा छैन। यहीँ झापामा एक यौनकर्मीको हत्या हुँदा उनले अन्य पीडितले पाउने जस्तो सहानुभूति पाइनन्। लाञ्छना यति गहिरो छ।
>
> **शारदा भट्टराई,** कार्यपालिका सदस्य, दमक नगरपालिका

यसको अर्थ

पदाधिकारीहरू यी अवरोधलाई प्रणालीगत समस्याका रूपमा हेर्छन्। नीति, कानुनी स्पष्टता, तथ्याङ्क र घटनालाई कति गम्भीरतापूर्वक लिइन्छ भन्ने कुरा स्थानीय, प्रदेश र सङ्घीय सरकारले परिवर्तन गर्न सक्छन्। लाञ्छनालाई भने तालिम र सचेतनामार्फत कम गर्न सकिन्छ।

२.६ पदाधिकारीका आफ्नै सुझाव

३२ उत्तरदाताले ठोस सुझाव दिए। सबैभन्दा धेरै आएको सुझाव स्थानीय वा राष्ट्रिय तहमा नीति र कानुन बनाउने माग थियो।

विषय	उत्तरदाता	उदाहरण (अनूदित)
स्थानीय र राष्ट्रिय तहमा नीति तथा कानुन बनाउने	१४	“यौनकर्मीको सुरक्षाका लागि नीतिगत व्यवस्था गर्न सबै स्थानीय तहले पहल गर्नुपर्छ।” “राष्ट्रिय तहको कानुन र नीति बनाउनुपर्छ।”
प्रहरी र सबै सरोकारवालालाई सहभागी गराउने	६	“निर्वाचित जनप्रतिनिधि र प्रहरीको सहभागिता अनिवार्य हुनुपर्छ।”
नगरपालिका र यौनकर्मीका संस्थासँग समन्वय गर्ने	६	“यौनकर्मीले पहिले एकजुट भएर आफ्ना माग राख्नुपर्छ; त्यसपछि सरकारी निकायसँग समन्वय गर्नुपर्छ।”
सचेतना र सामुदायिक छलफल	३	“यस विषयमा व्यापक सचेतना फैलाउनुपर्छ।”
कार्यान्वयनका लागि सहयोग र तथ्याङ्क	३	“नगरपालिकामा कार्यान्वयन गर्न गाह्रो छ; हामी सहयोगको अपेक्षा गर्छौं।” “तथ्याङ्क छैन; कानुन एउटा भन्छ, व्यवहार अर्कै हुन्छ।”

केही सुझाव एकभन्दा बढी विषयमा पर्छन्। धेरै उत्तरदाताले कार्यक्रमले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बुझ्न मद्दत गरेको र यसले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माणमा सहयोग पुऱ्याउने बताए।

कार्यदिशा

सिफारिस

यी सिफारिसहरू नगरपालिकाका पदाधिकारीले आफ्ना संस्थाबारे दिएको जानकारी र आफुले व्यक्त गरेका विचारमा आधारित छन्।

नगरपालिकाका लागि

१ **नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा यौनकर्मीको नाम स्पष्ट रूपमा उल्लेख गर्ने**

नीति नभएका नगरपालिकाले सुरुदेखि नै यौनकर्मीलाई समावेश गर्नुपर्छ; नीति भएकाले महालक्ष्मीको उदाहरण अनुसरण गर्दै अर्को परिमार्जनमा यौनकर्मीलाई थप्नुपर्छ।

२ **भेदभावरहित उजुरी व्यवस्थापनसहितको लैङ्गिक हिंसा व्यवस्थापन कार्यविधि अपनाउने वा अद्यावधिक गर्ने**

यौनकर्मीले दिएको हरेक उजुरी अरू उजुरीजस्तै दर्ता गरी प्रक्रियामा लैजानुपर्छ। आवश्यक परे प्रहरीमा पनि प्रेषण गर्न सकिन्छ, तर यो उजुरी दर्ता र सहयोगको विकल्प होइन, पूरक मात्र हो। सेवा पाउन यौन पेशा छाड्नुपर्ने कुनै सर्त राखिनु हुँदैन।

३ **सेवा प्रवाहमा लाञ्छना र भेदभावविरुद्ध लिखित संरक्षणको व्यवस्था अपनाउने**

यसले यौनकर्मीसहित सबै सीमान्तकृत समूहलाई संरक्षण दिनुपर्छ।

४ **लैङ्गिक हिंसासम्बन्धी सेवालाई यौनकर्मीका लागि व्यवहारमै पहुँचयोग्य बनाउने**

लैङ्गिक हिंसा निवारण कोष, सुरक्षित आवास गृह, मनोसामाजिक परामर्श र OCMC प्रेषणका निर्देशिकामा यौनकर्मीलाई सेवा पाउने लाभग्राहीका रूपमा स्पष्ट उल्लेख गर्नुपर्छ।

५ **तथ्याङ्कमा यौनकर्मीलाई गणना गर्ने**

लैङ्गिक हिंसाका घटनाको अभिलेख र खण्डीकृत तथ्याङ्क प्रणालीमा गोप्य श्रेणी थपेर यौनकर्मीलाई तथ्याङ्कमा समेट्नु पर्छ।

६ **वार्षिक योजना र बजेटमा यौनकर्मीलाई समावेश गर्ने**

लैङ्गिक हिंसा तथा लक्षित कार्यक्रमका विद्यमान बजेट शीर्षकभित्र आउटरिच (समुदायमा पुगेर गरिने काम), हिंसाका घटनामा सहयोग र सचेतना गतिविधिमार्फत यौनकर्मीलाई समावेश गर्नुपर्छ।

७ **यौनकर्मीका संस्थासँग परामर्श र साझेदारी गर्ने**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको मस्यौदा तयार तथा परिमार्जन गर्दा र लैङ्गिक हिंसासम्बन्धी समन्वय तथा प्रेषणमा यौनकर्मीका संस्थाहरूलाई सहभागी गराउनुपर्छ।

८ **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिममा यौनकर्मीसम्बन्धी विषयवस्तु समावेश गर्ने**

निर्वाचित जनप्रतिनिधि, न्यायिक समितिका सदस्य र कर्मचारीलाई दिइने लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिममा यौनकर्मीसम्बन्धी विषयवस्तु समेट्नुपर्छ।

> “लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकारसम्बन्धी सिफारिसअनुसार नेपालले आफ्ना कानुन परिवर्तन गऱ्यो। यौनकर्मीसम्बन्धी CEDAW र UPR का सिफारिसले पनि उत्तिकै ध्यान पाउनुपर्छ।
>
> **सीता गुरुङ,** वरिष्ठ महिला विकास अधिकृत, गोदावरी नगरपालिका

सङ्घीय तथा प्रादेशिक सरकारका लागि

१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक हिंसासम्बन्धी संयन्त्रमार्फत यौनकर्मीविरुद्धको हिंसा सम्बोधन गर्नु कानुनसम्मत र अपेक्षित भएको **स्पष्ट मार्गदर्शन जारी गर्ने**।

२ यौनकर्मीलाई स्पष्ट रूपमा उल्लेख गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी नमुना नीतिगत प्रावधान र लैङ्गिक हिंसासम्बन्धी **नमुना कार्यविधि उपलब्ध गराउने**।

३ यौनकर्मीलाई समेट्ने लैङ्गिक हिंसासम्बन्धी गतिविधिका लागि **बजेट विनियोजन तथा योजना तर्जुमासम्बन्धी मार्गदर्शन दिने**।

४ राष्ट्रिय तथा प्रादेशिक लैङ्गिक हिंसा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ढाँचा तथा तालिम पाठ्यक्रममा **यौनकर्मीलाई जोखिममा रहेको समूहका रूपमा उल्लेख गर्ने।**

५ नगरपालिकालाई यौनकर्मीविरुद्धको लैङ्गिक हिंसाको सुरक्षित रूपमा अभिलेख राख्न सक्ने **गोप्य तथ्याङ्क प्रणालीमा सहयोग गर्ने**।

६ नगरपालिकासँगको संयुक्त तालिम र प्रेषण प्रोटोकलमा **प्रहरी र सुरक्षा निकायलाई सहभागी गराउने**।

टिप्पणी

विधि सम्बन्धी टिप्पणी र सीमा

- **उत्तरदाताले आफैँ दिएको जानकारी:** संस्थागत मूल्याङ्कनले प्रत्येक नगरपालिकाका एक प्रतिनिधिको जानकारी झल्काउँछ; लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा यौनकर्मीको समावेशबाहेक अन्य उत्तर नीतिगत दस्तावेजसँग तुलना गरेर पुष्टि गरिएको छैन।
- **समावेश र इच्छा:** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिले समेटेका समूहसम्बन्धी प्रश्नमा नीतिमा कुन-कुन समूहको नाम उल्लेख छ वा नगरपालिका कुन समूहको नाम उल्लेख गर्न इच्छुक छ भनी सोधिएको थियो। यौनकर्मीका हकमा, पारित भइसकेको नीतिमा समावेश भएको कुरा छुट्टै पुष्टि गरिएको थियो।
- **बजेट र कार्यक्रम:** बजेट र कार्यक्रमबारे उत्तरदाताले आफ्नै शब्दमा जानकारी दिएका थिए। केहीले महिला वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी समग्र बजेट पनि जोडेका हुन सक्छन्, त्यसैले यहाँ दिइएका रकमलाई अनुमानका रूपमा मात्र लिनुपर्छ। कार्यक्रमको सङ्ख्या पनि अनुमानित हो।
- **तालिमको विषयवस्तु:** यसबारे यौनकर्मी, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र एचआईभीसँग जीवनयापन गरिरहेका व्यक्तिलाई एउटै प्रश्नमा समेटेर सोधिएको थियो।
- **छुटेका उत्तर:** कानुनी वैधानिकतासम्बन्धी भनाइमा १०७ उत्तरदाताले, र लैङ्गिक हिंसाको कारण तथा जोखिमको स्तरसम्बन्धी प्रश्नमा १३० ले उत्तर दिएका थिए। अन्य प्रतिशत सबै १३१ उत्तरदाताका आधारमा निकालिएका छन्।
- **साना उपसमूह:** उत्तरदाताका समूहबीच देखिएका भिन्नतालाई सङ्केतका रूपमा मात्र लिनुपर्छ।

अनुसूची क: जिल्ला र भूमिका अनुसार KAP उत्तरदाता

प्रदेश	जिल्ला	महा/उप महा/ नगरपालिका	निर्वाचित जनप्रतिनिधि	कर्मचारी	जम्मा
कोशी	झापा	८	१७	१८	३६
कोशी	मोरङ	७	११	१५	२६
कोशी	सुनसरी	६	१०	१३	२३
बागमती	काठमाडौं	१०	११	२२	३३
बागमती	ललितपुर	३	१	६	७
बागमती	भक्तपुर	३	२	४	६
जम्मा		**३७**	**५२**	**७८**	**१३१**

अनुसूची ख: धारणासम्बन्धी भनाईमा प्राप्त उत्तर

भनाइ	पूर्ण सहमत	सहमत	असहमत	पूर्ण असहमत	उत्तर दिने
यौन पेशामा लाग्नु अनैतिक हो।	१२ (९.२%)	३३ (२५.२%)	७४ (५६.५%)	१२ (९.२%)	१३१
यौन पेशामा रहेका महिलाविरुद्धको हिंसा सम्बोधन गर्नु भनेको यौन पेशा प्रवर्द्धन गर्नु हो।	११ (८.४%)	११ (८.४%)	८५ (६४.९%)	२४ (१८.३%)	१३१
यौनकर्मीविरुद्धको हिंसा अन्य कुनै पनि महिलाविरुद्धको हिंसा जत्तिकै गम्भीर अपराध हो।	७६ (५८.०%)	४३ (३२.८%)	८ (६.१%)	४ (३.१%)	१३१
यौनकर्मीले आफूविरुद्धको हिंसा आफैँले निम्त्याउँछन्।	७ (५.३%)	१६ (१२.२%)	८७ (६६.४%)	२१ (१६.०%)	१३१
यौनकर्मीले अन्य नागरिकसरह भेदभावबिना नगरपालिकाका सेवा (न्यायिक समिति, स्वास्थ्य, सुरक्षित आवास, परामर्श) पाउनुपर्छ।	८४ (६४.१%)	४४ (३३.६%)	२ (१.५%)	१ (०.८%)	१३१
यौनकर्मीलाई नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममा विशेष रूपमा समावेश गर्नुपर्छ।	६० (४५.८%)	६७ (५१.१%)	३ (२.३%)	१ (०.८%)	१३१
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैङ्गिक हिंसासम्बन्धी कार्यक्रममार्फत यौनकर्मीविरुद्धको हिंसा सम्बोधन गर्नु गैरकानुनी होइन।	४२ (३९.३%)	५६ (५२.३%)	४ (३.७%)	५ (४.७%)	१०७

FAITH आस्था

21 YEARS OF ADVOCACY, EMPOWERMENT, AND CHANGE

थप जानकारीको लागि

https://aastha-faith.org/

Facebook: faithinitiative

सहयोग

AMPLIFY CHANGE

स्थानीय लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिमा यौनकर्मी

कोशी र बागमती प्रदेशका ३७ स्थानीय तहको संस्थागत मूल्याङ्कन तथा ज्ञान, धारणा र व्यवहार (KAP) सर्वेक्षणका निष्कर्ष · अक्टोबर २०२६